

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



# पोखरापत्र

राष्ट्रिय दैनिक

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क १४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० माघ १४ गते आइतबार ❑ 28 Jan. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## मुलुक बन्छ भन्ने आशा जगाउनुपर्छ : नेता वाग्ले

**पोखरापत्र संवाददाता**
तनहुँ, १३ माघ

सांसद डा स्वर्णिम वाग्लेले मुलुक बन्छ भन्ने आशा जगाउनुपर्ने आवश्यकता रहेको बताउनुभएको छ।



राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का कार्यवाहक सभापतिको समेत जिम्मेवारीमा रहनुभएका तनहुँ-१ का सांसद वाग्लेले निराशाले मुलुक समृद्ध नहुने भएकाले आशाको किरण जगाउनुपर्ने बताउनुभयो। शनिबार तनहुँ उद्योग वाणिज्य सङ्घको १७औँ अधिवेशनबाट निर्वाचित नयाँ कार्यसमिति पदस्थापन कार्यक्रममा उहाँले भन्नुभयो, "सधैँ निराशाका कुरा गरेर मात्र हुँदैन । मुलुकलाई समृद्ध बनाउन सकिन्छ, त्यसका लागि सबै आशावादी बन्नुपर्छ ।" डा वाग्लेले राजनीतिलाई सङ्ल्याउँदै विकृति र विसङ्गति हटाउनेतर्फ सबै लाग्नुपर्नेमा जोड दिनुभयो । त्यसका लागि राजनीतिक दल नै जिम्मेवार बन्नुपर्ने उहाँको भनाइ थियो । रास्वपाले संसद्मा रचनात्मक प्रतिपक्षको भूमिका निर्वाह गर्दै आएको बताउँदै डा वाग्लेले रास्वपा अब सदन र सडक दुवैमा क्रियाशील हुने उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, "हामी संसद्मा विभिन्न विधेयक दर्ता गर्छौं तर अहिलेको प्रणालीले बहुमतका आधारमा ती विधेयक फेल हुने गरेका छन् । त्यस्ता विधेयकहरू जनताका माझ लगेर यो ठीक छ वा छैन भनेर सोध्छौँ ।" डा वाग्लेले देशभरका अलपत्र विकास योजनामा पनि पार्टीले खबरदारी गर्ने नीति लिएको जानकारी दिनुभयो। अर्थतन्त्रलाई सही मार्गमा ल्याउनुपर्ने आवश्यकतामाथिचर्चागर्दैवाग्लेले भन्नुभयो, "सार्वजनिक खर्चमा देखिएको शिथिलतालाई समाधान गर्नुपर्छ ।" जिल्ला समन्वय समितिका प्रमुख शान्तिरमण वाग्लेले जिल्लामा लगानीका वातावरण भित्र्याउनेतर्फ लाग्नुपर्ने बताउनुभयो । म्याग्दे गाउँपालिकाका अध्यक्ष श्रीप्रसाद श्रेष्ठले राष्ट्रियताको भावना विकास भएमात्रै मुलुक बन्न सक्ने बताउनुभयो । सो अवसरमा नवनिर्वाचित अध्यक्ष वैकुण्ठनाथ मिश्रलाई निवर्तमान अध्यक्ष पविन्द्रकुमार श्रेष्ठले शपथग्रहण गराउनुभयो । त्यस्तै मिश्रले नवनिर्वाचित पदाधिकारी तथा सदस्यलाई शपथग्रहण गराउनुभएको थियो। कार्यक्रममा नवनिर्वाचित अध्यक्ष मिश्रले संस्थाको गरिमालाई अझ उचो बनाउने प्रतिबद्धता जनाउनुभयो।

## 'आगामी बजेटमा स्वास्थ्य क्षेत्रलाई प्राथमिकता दिन्छौँ'

**पोखरापत्र संवाददाता**
पर्वत, १३ माघ

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले आगामी आर्थिक वर्षको बजेटमा स्वास्थ्य क्षेत्रलाई मुख्य प्राथमिकतामा राख्ने बताउनुभएको छ।



पर्वत अस्पतालमा हेमोडायलाइसिस सेवाको शनिबा शुभारम्भ गर्दै उहाँले आगामी आर्थिक वर्ष २०८१/८२ को बजेट स्वास्थ्य क्षेत्र केन्द्रित गरिने जानकारी दिनुभयो । उहाँले प्रदेशको स्वास्थ्य सुधारमा धेरै आवश्यकता रहे पनि स्रोत र साधन सीमित हुँदा तत्काल गर्न नसकिएको बताउनुभयो।

मुख्यमन्त्री पाण्डेले नागरिकले सम्पत्ति बेचेर उपचार गर्नुपर्ने दिनको अत्य गरिने बताउनुभयो। कुनै ठूलो रोग लागिहाल्यो भने पनि सामान्य नागरिकले आफ्नो घरखेत बिक्री गरेर उपचार गर्न नपरोस् भन्नेतर्फ प्रदेश सरकार गम्भीर भएर लागेको उहाँको भनाइ छ।

मुख्यमन्त्री पाण्डेले आगामी आर्थिक वर्षभित्र मिर्गौलाको डायलासिस गर्नुपर्ने बिरामीको सङ्ख्या शून्यमा झारिने बताउनुभयो। अहिले भइरहेको स्रोतसाधनबाट छ सय ६६ जनाले उपचार सेवा लिइरहेका र अझै एक सय ७८ जना डायलासिस गर्नुपर्ने बिरामी प्रतिक्षारत रहेको बताउँदै एक वर्षभित्रमा यो सङ्ख्या शून्यमा झारिने उहाँले बताउनुभयो।

उहाँले आगामी आर्थिक वर्षमा गोरखा र पर्वत अस्पताललाई स्तरोन्नति गरी ५० शय्याको अस्पताल बनाउने प्रतिबद्धतासमेत व्यक्त गर्नुभयो । मुख्यमन्त्री पाण्डेले १० वर्ष मुनिका बालबालिकाको उपचारसेवा गत वर्षदेखि नै निःशुल्क गरिँदै आएको बताउनुभयो । उहाँले स्वास्थ्य सेवालाई सर्वसुलभ र गाउँगाउँमा रहेका स्वास्थ्यचौकीसम्म गुणस्तरीय सेवा विस्तारका लागि पहल भइरहेको बताउनुभयो। उहाँले पर्वत अस्पतालमा चालु आर्थिक वर्षभित्रै 'बि' ग्रेडको एम्बुलेन्स सेवा उपलब्ध गराउने र खानेपानीको समस्या समाधानका लागि सरकारले आवश्यक सहयोग गर्ने बताउनुभयो। उहाँले आगामी वर्षदेखि चिकित्सक तथा स्वास्थ्यकर्मीलाई प्रोत्साहन रकम दिने व्यवस्था गरिने बताउँदै उक्त कार्यक्रमले पोखरामा मात्र सीमित विशेषज्ञ डाक्टर अन्य जिल्लामा जाने विश्वास व्यक्त गर्नुभयो । "विशेषज्ञ डाक्टरको दरबन्दी प्रदेशभरि नै अभाव छ", उहाँले भन्नुभयो, "पोखराभन्दा बाहिरी जिल्लामा जान नमान्ने समस्याले पनि नागरिकले सेवा पाउन नसकेका हुन् ।"

गण्डकी प्रदेशका सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयका सचिव डा विनोदविन्दु शर्माले गण्डकी प्रदेशका पर्वत, बागलुङ, लमजुङ, स्याङ्जालगायत जिल्लामा डायलासिस गर्नुपर्ने प्रतिक्षारत बिरामीको सङ्ख्या शून्यमा झरिसकेको बताउनुभयो । उहाँले प्रदेश सरकारले थप रु एक करोड ५५ लाख विनियोजन गरेकाले अन्य जिल्लामा डायलासिस गर्नुपर्ने बिरामीलाई चालु आर्थिक वर्षभित्र सेवा दिनेगरी तयारी गरिएको बताउनुभयो । उहाँले सुत्केरी हुन नसकेका महिलालाई प्रदेश सरकारले निःशुल्क हेलिकप्टर सेवा सुरुआत गरेको जनाउँदै चालु आर्थिक वर्षमै ६४ महिलाले सेवा लिएको बताउनुभयो । प्रदेशका ११ वटै जिल्लामा २४सै घन्टा हेलिकप्टर सेवा सञ्चालन भइरहेको उहाँले जानकारी दिनुभयो।

डायलासिस सेवा विस्तार भएपछि हप्तामा दुई पटकसम्म सेवा लिनुपर्ने बिरामीलाई थप सहज भएको छ। अहिले पर्वत, बागलुङ र म्याग्दीका गरी २६ बिरामीले पर्वत अस्पतालबाट नियमित डायलासिस सेवा लिँदै आएका छन्। अझै थप सात जनालाई सेवा दिन सकिने अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा हेमन्त बास्तोलाले जानकारी दिनुभयो। सात शय्यामा नियमितरूपमाबिरामीराखेरडायलासिस गर्न थालेपछि आफूहरूलाई सहज भएको बिरामी अलिमान सुनुवारले बताउनुभयो । पाँच महिनादेखि नियमित डायलासिस गर्दै आएका सुनुवारले पहिलेभन्दा अहिले निकै सहज भएको र अस्पताल आउँदाकै दिन सेवा लिन पाइएको बताउनुभयो।

## सीपमूलक शिक्षा आजको आवश्यकता : अध्यक्ष तिमिल्सिना

**पोखरापत्र संवाददाता**
पोखरा, १३ माघ

राष्ट्रियसभा अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले विद्यार्थीलाई विदेश जानबाट रोक्न दश जोड दुई अध्ययन गर्दा नै सीपमूलक शिक्षा दिन आवश्यक भएको बताउनुभएको छ।




पोखरा-५ स्थित धर्मस्थली आधारभूत विद्यालयको स्वर्ण महोत्सवको शनिबार उद्घाटन गर्दै अध्यक्ष तिमिल्सिनाले अब व्यावसायिक र रोजगारमूलक शिक्षा नेपालमा आवश्यक देखिएको औँल्याउनुभयो। सरकारले ल्याउन लागेको नयाँ शिक्षा विधेयकले पनि सीपमूलक शिक्षालाई समावेश गर्ने विश्वास उहाँले दिलाउनुभयो। शिक्षण पेसा अत्यन्तै महत्त्वपूर्ण भएकाले उनीहरूले जागिर खाने मानसिकता हटाएर भविष्यका कर्णधार उत्पादनमा लागेको छु भन्ने सोचलाई अगाडि बढाउन उहाँले सुझाव दिनुभयो। अधिकांश सरकारी विद्यालयले प्रदान गर्ने शिक्षाको गुणस्तर न्यून भएकाले त्यसलाई सुधार गर्न जरुरी भएको बताउँदै उहाँले निजीको तुलनामा सरकारी विद्यालयमा अध्ययापन गराउने शिक्षक दक्ष भए पनि विद्यार्थीले राम्रो नतिजा ल्याउन नसकेकोप्रति चिन्ता व्यक्त गर्नुभयो। जागिर खाने मानसिकता हटाउँदै जिम्मेवारीपूर्णरूपमा आफूले प्राप्त गरेका तालिमलाई प्रयोग गर्दै विद्यार्थी सिकाइलाई प्रभावकारी बनाउन पनि उहाँको सुझाव थियो । शिक्षकप्रतिको आकर्षण घट्दा पनि शिक्षक जागरुक हुन नसकेको उहाँको भनाइ थियो।

वर्तमान राजनीतिबारे बोल्दै अध्यक्ष तिमिल्सिनाले आन्दोलनबाट प्राप्त सङ्घीय गणतान्त्रिक व्यवस्थाबाट मुलुकलाई परिवर्तन गर्न जरुरी भएको बताउनुभयो । "सुशासन र जनताका कामलाई प्राथामिकतामा राखेर दलहरू अगाडि बढ्नुको विकल्प छैन, सेवा प्रवाहका कामलाई चुस्तदुरुस्त पार्दै जनताका समस्या समाधान गरौँ", उहाँले भन्नुभयो।

गण्डकी प्रदेशसभा सदस्य देवका पहारीले विद्यार्थीको क्षमता विकासका लागि पढाइमात्र नभएर अतिरिक्त क्रियाकलाप पनि त्यत्तिकै आवश्यक हुने बताउनुभयो।पोखरामहानगरपालिकाशिक्षा महाशाखाका प्रमुख हेम आचार्यले शिक्षकले लिएको तालिम कक्षाकोठासम्म पुगेमा विद्यार्थीले गुणस्तरीयशिक्षाप्राप्तगर्नसक्नेभनाइ राख्नुभयो । विद्यालय व्यवस्थापन समतिका अध्यक्ष कृष्णप्रसाद पराजुलीको अध्यक्षतामा भएको उक्त कार्यक्रममा विद्यालयका प्रधानध्यापक बदनकुमारी शर्माले विद्यालयको शैक्षिक गतिविधिका बारेमा प्रकाश पार्नुभएको थियो । सो अवसरमा उक्त विद्यालयमा योगदान पुर्याउने व्यक्तित्वलाई सम्मान गर्नुका साथै स्वर्ण महोत्सवमा प्रकाशित स्वर्ण जयन्ती स्मारिकाकाको विमोचनसमेत गरिएको थियो।

## विकास- निर्माणका काममा सरकार असफल भएको महासचिव पोखरेलको आरोप

**पोखरापत्र संवाददाता**
बागलुङ, १३ माघ

नेकपा (एमाले)का महासचिव शङ्कर पोखरेलले विकास-निर्माणका काममा वर्तमान सरकार असफल भएको आरोप लगाउनुभएको छ।



नेकपा (एमाले) बागलुङले शनिबार यहाँ आयोजना गरेको कार्यकर्ता भेटमा महासचिव पोखरेलले वर्तमान सरकारले जनताका पक्षमा काम गर्न नसकेको आरोप लगाउनुभयो। उहाँले राजश्व सङ्कलनमा सरकारले ध्यान नदिँदा कर्मचारीलाई मासिक तलब उपलब्ध गराउन कठिन परिस्थिति उत्पन्न भएको बताउनुभयो।

आफू सम्बद्ध दल जनतामाझ लोकप्रिय रहेको दाबी गर्दै उहाँले पार्टी सङ्गठनलाई भने रूपान्तरण गर्दै लैजाने नीति रहेको बताउनुभयो । राष्ट्रिय हितलाई केन्द्रमा राखेर काम गर्न उहाँले आग्रह गर्नुभयो।

## पूर्वाधार निर्माणपछि शैक्षिक गुणस्तरमा ध्यान दिऔँ : मुख्यमन्त्री पाण्डे

**पोखरापत्र संवाददाता**
बागलुङ, १३ माघ

गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले विद्यालयको भौतिक सुधारपछि गुणस्तरमा ध्यान दिनुपर्नेमा जोड दिनुभएको छ । उहाँले धेरै विद्यालयको भौतिक पूर्वाधारमा जोड दिइएको बताउँदै अब शैक्षिक गुणस्तरमा ध्यान दिनुपर्ने बताउनुभयो।

शनिबार बागलुङ नगरपालिका-८ स्थित सिगाना माध्यमिक विद्यालय लामिचौरको ७०औँ वार्षिकोत्सव समारोहलाई सम्बोधन गर्दै मुख्यमन्त्री पाण्डेले ठूला भवन र बगैँचा बन्दैमा शैक्षिक गुणस्तर वृद्धि नहुने भन्दै भौतिक पूर्वाधारपछि शैक्षिक गुणस्तर वृद्धिका लागि शिक्षक, अभिभावक र विद्यालय व्यवस्थापन समिति लाग्नुपर्ने बताउनुभयो। "विद्यालयमा पढ्दै कमाउँदै कार्यक्रम,


बाँकी अन्तिम पृष्ठमा ▶▶



सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# अतिरिक्त समयमा आशिष चम्कदा श्री स्टार सेमिफाइनलमा प्रवेश

पोखरापत्र संवाददाता
पोखरा, १३ माघ



थपिएको ३० मिनेटको अतिरिक्त समयमा आशिष चापागाई चम्कदा श्री स्टार क्लव २३ औं आहा रारा पोखरा गोल्ड कपको सेमिफाइनलमा प्रबेश गरेको छ।

अतिरिक्त समयको २४ औं र २९ औं मिनेटमा चापागाईले दुई गोल गर्दा पाहुना टोली भुटानको पारो एफसी भने प्रतियोगिताबाट बाहिरिएको छ । शनिबार पोखरा रंगशालामा भएको पहिलो क्वाटरफाइनल खेलमा श्री स्टारले अतिरिक्त समयको सहायताबाट २–० को गोल अन्तरले पारो एफसीलाई पराजित गरि सेमिफाइनलमा यात्रा बनाएको हो । श्री स्टारले अब मनाङ मर्स्याङ्दी र जाउला खेल युथ क्लव बिचको बिजेतासंग माघ १७ गते सेमिफाइनल खेलमा भिड्ने भएको खेल संयोजक पूर्ण बहादुर गुरुङले बताउनु भयो। ९० मिनेटको निर्धारित समयमा दुबै तर्फ गोल रहित खेल बराबरीमा टुंगीए पछि खेल १५/१५ मिनेटको अतिरिक्त समयमा धकेलिएको हो । चापागाईले डिबक्स भित्रबाट विपक्षि गोलरक्षक जाङपोलाई विट गर्दै उत्कृष्ट गोल गरी टिमलाई १–० को अग्रता दिलाए । अतिरिक्त समयको अन्तिम एक मिनेट बाँकी छदा पुनः चापागाईले एक गोल गरी टिमलाई सेमिफाइनलमा पुराएका हुन्। आजको खेलमा म्यान अफ दी म्याच समेत उहाँ घोषित हुनु भयो । पाहुना टोली भुटान पारो एफसीले खेलको सुरूवातबाटै श्री स्टारलाई दबाबमा पारेको थियो । श्री स्टारले पाएका केही अवसर सदुपयोग गर्न नसक्दा निर्धारित समयमा गोल गर्न सकेन जितको लागि अन्ततः अतिरिक्त समयको सहायता नै लिनु पर्‍यो ।

यसैबिच, आईतबार दोश्रो क्वाटरफाइनल खेलमा गत बर्षको बिजेता संकटा क्लव बिरूद्ध त्रिभुवन आर्मी क्लव बिच खेल हुने भएको सहारा क्लवका अध्यक्ष केशवराज बरालले बताउनु भयो । १२ टिम सहभागि भएको प्रतियोगिता यही माघ २० गतेसम्म पोखरा रंगशालामा संचालन हुदै छ । शनिबारको खेलमा अन्य दिनको तुलनामा केही बढी दर्शक सहभागि हुनु भएको थियो ।

# गण्डकी प्रदेश टेनिस संघको अध्यक्षमा 'बिनोद कायस्थ'

पोखरापत्र संवाददाता
पोखरा, १३ माघ



गण्डकी प्रदेश टेनिस संघ तदर्थ समितिको अध्यक्षमा बिनोद कायस्थ सर्वसम्मत चयन भएका छन् ।

प्रदेश खेलकुद विकास ऐन २०७७ र प्रदेश खेलकुद विकास नियमावली २०७८ अनुसार पोखरामा शनिबार सम्पन्न भेलाले अध्यक्षमा कायस्थसहित ९ सदस्यिय कार्यसमिति सर्वसम्मत निर्वाचित गरेको हो । कार्यसमितिको उपाध्यक्षद्वयमा लोक बहादुर गुरुङ र विष्णु बहादुर थापा, सचिवमा नविन चालिसे र कोषाध्यक्षमा प्रीती बराल चयन भएका छन् । यसै गरी कार्यसमिति सदस्यमा सञ्जय खड्का (बागलुङ), दिपक श्रेष्ठ (तनहुँ), मुकुन्द मल्ल (पर्वत) र चिन बहादुर पुन (नवलपुर) रहेका छन् ।

अध्यक्षमा निर्वाचित कायस्थ कास्की टेनिस संघको संस्थापक अध्यक्ष तथा नेपाल टेनिस संघको उपाध्यक्ष समेत् हुन् । उनको कास्कीको टेनिस खेल विकासमा महत्वपूर्ण योगदान रहेको छ । उनकै नेतृत्वमा पोखरा रंगशालामा टेनिस कम्लेक्सको निर्माण तथा विकास समेत भएको हो। अध्यक्ष कायस्थले कास्की केन्द्रित टेनिस खेललाई प्रदेशका ११ जिल्लामा नै विस्तार गर्न आफ्नो तर्फबाट सक्दो पहल हुने प्रतिवद्धता व्यक्त गरे । यस अघि नवनिर्वाचित कार्यसमितिका पदाधिकारी तथा सदस्यहरुलाई प्रदेश खेलकुद परिषद गण्डकीका सदस्य एवं खेल पत्रकार केशव पाठकले बधाई दिंदै गण्डकी प्रदेशको टेनिस खेलको विकासमा नयाँ नेतृत्वले योजनावद्ध रुपमा योजनाहरु अघि सार्न आग्रह गरे ।

कार्यक्रम भेला गठन समितिका संयोजक एवं नेपाल टेनिस संघका उपाध्यक्ष कायस्थको अध्यक्षतामा सम्पन्न भएको थियो । सो अवसरमा कास्की जिल्ला खेलकुद विकास समितिका सदस्य राजन बडगामीले समेत आफ्ना भनाई राखेका थिए ।

# नेपालमै पहिलो पल्ट पोखरा मोटो-इन्डुरो क्रस च्याम्पियनसिप हुने

पोखरापत्र संवाददाता
पोखरा, १३ माघ



पोखरा राइडर्स क्लबको आयोजनामा 'पोखरा मोटो-इन्डूरो क्रस च्याम्पियनसिप-२०२४' हुने भएको छ।

विकास र शान्तिका लागि विश्व खेलकुद दिवस अवसरमा आगामी चैत २३ र २४ गते पोखरा-२३, पामे, बाम्दीमा हुने सो च्याम्पियनसिपमा करिब ३० जना खेलाडीले भाग लिने छन् । यो च्याम्पियनसिप नेपालमै पहिलो पल्ट हुन लागेको आयोजकको दाबी छ।

शनिबार पत्रकार सम्मेलनमा कार्यक्रम संयोजक जगत धौलीले भर्खरै जन्मिएको क्लबले पहिलो पल्ट यति बृहत् प्रतियोगिता गर्न लागेको जनाउँदै सबैसँग सहयोगको अपेक्षा गरे । उनले वडा कार्यालयदेखि सबैसँग अनुमति लिएर आयोजित साहसिक प्रतियोगिताले यहाँको खेल पर्यटनको विकासमा पनि सहयोग पुग्ने विश्वास लिए । राष्ट्रियस्तरको यो प्रतियोगितामा सुरक्षा चुनौती महत्वपूर्ण रहेकोमा आफूहरु त्यसतर्फ सचेत रहेको उनको भनाइ छ । प्रतियोगिताका लागि खेलाडीको दर्ता प्रक्रिया सुरु भएको छ । प्रतिखेलाडी १७ हजार लाग्नेछ । खुला र महिला गरी दुई इभेन्टमा खेलाइने प्रतियोगितामा पहिलो दिन खेलाडी छनोट हुने र भोलिपल्ट प्रतियोगिता हुनेछ । खुला र महिला दुवैतर्फ विजेताले जनही १ लाख ५० हजार, उपविजेताले १ लाख, तेस्रोले ५० हजार प्राप्त गर्ने छ । साथै चौथो र पाँचौंलाई गिफ्ट ह्याम्पर दिइनेछ। कार्यक्रम संयोजक धौलीले ट्रेलका लागि विदेशमा जस्तो बनाइरनु नपर्ने, नेपालका अधिकांश ठाउँ आफैं बनिबनाउ रहेको बताउँछन्। बाम्दीमा तय गरिएको ट्रेलमा आफूहरुले मात्र ४० प्रतिशत थप मर्मत सम्भार गर्नुपर्ने उनले बताए। जहाँ खोला, जंगल, हरियाली सहितको अफ रोड छ। क्लब अध्यक्ष सोनिक क्षत्रीले कतिपय युवा रोजगारी अभावमा विदेशिनुपरेको बताउँदै नेपालमै केही नयाँ काम गरेर युवालाई आकर्षित गर्नुपर्ने अहिलेको आवश्यकता रहेको जनाउँछन् । उनका अनुसार पोखरा राइडर्स क्लब साइक्लिष्टहरुको संस्था हो। साइक्लिष्टहरुको हकहितसहित संस्थामार्फत विभिन्न गतिविधि संचालन गर्ने हेतुले साइक्लिष्टहरु हालै एकजुट भएका हुन्। जिल्ला प्रशासन कार्यालय कास्कीमा यसै वर्ष दर्ता भएको यो संस्थाको केन्द्रीय कार्यालय पोखरामा छ । पोखरालाई पर्यटनको राजधानी घोषणा तयारी रहँदा यो प्रतियोगिताले पनि टेवा मिल्ने क्लब अध्यक्ष क्षत्रीले बताए। नेपाल खेलकुद पत्रकार मञ्च गण्डकी अध्यक्ष दीननाथ बरालले साहसिक खेलका कारण पोखराको खेल र पर्यटन विकासमा टेवा मिल्ने विश्वास व्यक्त गर्दै मिडियाको साथै सधैं रहीरहने बताए।

कार्यक्रमको संचालन सचिव सुजन हमालले गरेका थिए । सो च्याम्पियनसिपमा करिब २९ लाख ५३ हजार रुपैयाँ खर्च लाग्ने आयोजकको अनुमान छ। प्रतियोगितामा गण्डकी प्रदेश सरकार, प्रदेश खेलकुद परिषद् गण्डकी, पोखरा महानगरपालिका, नेपाल पर्यटन बोर्ड, माउन्टेन स्पोर्टस् फेडेरेसन-नेपाल, राखेप, नेपाल अटोमोबाइल्स् एसोसिएसन (नासा), पोखरा, विभिन्न संघसंस्था लगायत सहयोगी छन्।

# पूर्वाधार ...

आवासीयसहितको विद्यालय, प्रविधिमैत्री विद्यालय बनाउन प्रदेश सरकारले लगानी गरिरहेको छ, धेरै विद्यालयमा पूर्वाधार बनिसक्दा विद्यार्थी खाली हुने अवस्था आउन नदिन शैक्षिक गुणस्तर वृद्धिमा लाग्नुपर्दछ", पाण्डेले भन्नुभयो, "सीमित स्रोत र साधानका बीच प्रदेश सरकारले असीमित दायित्व पूरा गर्न लागिपरेको छ, प्रदेशभित्र थलिएका योजना पहिला पूरा गरेरमात्रै नयाँ योजना ल्याउँछौं ।" गण्डकी प्रदेश सरकारले उत्पादनका आधारमा अनुदान दिन थालेको बताउँदै मुख्यमन्त्री पाण्डेले बागलुङको सिगानाको सुन्तलाको चर्चा आफूले सुनेको भन्दै सुन्तलाको प्रवर्द्धनका लागि गण्डकी प्रदेशले लगानी गर्ने बताउनुभयो । उहाँले सिगानाको दलित बस्तीको खानेपानी समस्या र निर्माणाधीन लिफ्ट आयोजनामा बजेट अभाव भएको भन्ने गुनासोलाई आगामी वर्ष समाधान गरेर अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ । व्यावसायिकरूपमा उत्पादन गर्ने किसानका लागि बजारीकरण प्रदेश सरकारले गर्ने योजना ल्याएको बताउँदै व्यावसायिक उत्पादनमा लागेर युवालाई स्वदेशमै बस्ने वातावरण बनाउन सबैको सहयोग र सहकार्य आवश्यक रहेको मुख्यमन्त्री पाण्डेले बताउनुभयो ।

कार्यक्रममा गण्डकी प्रदेश सरकारका उद्योग, पर्यटन वन तथा वातावरणमन्त्री दीपेन्द्रबहादुर थापाले बसाइँसराइ रोक्ने कार्यक्रम ल्याउन आवश्यक रहेको बताउनुभयो ।

# गीलुको सिलीदुङमाथि पोखरामा विमर्श

पोखरापत्र संवाददाता
पोखरा, १३ माघ



र्‍यान्डम रिडर्स सोसाइटीले शनिवार पोखरामा कवि गीलु रातोसको कविता सङ्ग्रह 'सिलीदुङ' माथि विमर्श गरेको छ ।


सोसाइटीले विशेष कार्यक्रमका रूपमा आयोजना गरेको कार्यक्रममा कृतिमाथि बोल्दै प्राज्ञ राजन मुकारुङले गीलुका कविता पहिचानको मात्र नभई किनरीकृत वर्गको आक्रोशको दस्तावेज भएको बताए । 'जब १२४ मध्ये १२३ भाषालाई बेवास्ता गरेर राज्य संयन्त्रले कुनै एउटा भाषालाई मात्रै उच्च प्राथमिकतामा राख्छ, अनि गीलु रातोस जस्ता कविहरू जन्मिन्छन्' नेपाल प्रज्ञा प्रतिष्ठानका साहित्य (मातृभाषा) विभागका संयोजकसमेत रहेका मुकारुङले भने, 'मातृभाषाको विकासका लागि सरकारले प्रदान गर्दै आएको बजेट पनि कटौती हुनुले फेरि पनि मातृभाषाको संरक्षणमा सरकार उदासीन छ भन्ने बुझ्नुपर्छ ।' मुकारुङले गीलु रातोसले आफ्ना कवितामा उठाएका मुद्दा हरेक किनारीकृत वर्गले आत्मसात गर्नुपर्ने धारणा राखे । अर्की वक्ता गौरी तमुले राज्यले नै मातृभाषीलाई खस नेपाली भाषामै आफ्ना अभिव्यक्ति दिन बाध्य पारेको धारणाा राखिन्। गुरुङ साहित्यिक मञ्चकी संस्थापक अध्यक्षसमेत रहेकी तमुले आम मानिससमक्ष मातृभाषीको अभिव्यक्ति पुर्‍याउनका लागि पनि नेपाली भाषामै लेख्नुपर्ने अनुभव सुनाइन् । उनको गुरुङ र नेपाली भाषामा 'समैं दर्बानी' नामक मुक्तक सङ्ग्रह प्रकाशन भएको छ । कार्यक्रमको सहजीकरण गरेका पत्रकार तथा साहित्यकार सुरेश रानाभाटले गीलुको कवितामा उठाइएको पहिचानको स्वरले आफूलाई आकर्षण गरेको बताएका थिए । कवि रातोसले आफूले जनयुद्धका क्रममा देखेका सपनाहरूको प्रतिविम्ब कवितामा उतारेको बताए। उनले आफ्ना दुई कविता वाचन गरेका थिए । थेबाला प्रकाशनले बजारमा ल्याएको कृतिमा उनका ४२ कविता सङ्गृहीत छन् । सोसाइटीका अध्यक्ष रुपिन्द्र प्रभावीको अध्यक्षतामा भएको कार्यक्रममा ध्रुव केसी, तेजबहादुर गुरुङ, सुजित साहलगायतले टिप्पणी गरेका थिए । कार्यक्रमको सञ्चालन सचिव नेपाल प्रकाश अधिकारीले गरेका थिए । सोही अवसरमा नियमित मासिक कार्यक्रमअन्तर्गत माघ महिनाको अन्तिम शनिवार २७ गते हरिहर तिमिल्सिनाको शैक्षिक उपन्यास 'कखरा' माथि सोसाइटीकी पुस्तक छनोट समितिकी सदस्य हसिना बस्नेतको चर्चासहित आयोजना गरिएको जानकारी गराइएको थियो । सोसाइटीले हरेक महिनाको अन्तिम शनिवार कुनै विषय वा पुस्तकमाथि परिचर्चा गर्दै आएको छ।


## कपालको उपचार

### कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

**महिलाहरुमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१–५८२५०८, ०६१–५७०६५१, ०६१–५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

गीता एक महान धर्मकाण्ड हो। मेरो विचारमा त सबै धर्म त्यसमै छ। – गान्धीका नैतिक सिद्धान्त

## सम्पादकीय

# निराशा हटाउने अभियान

गठबन्धन सरकारको प्रमुख घटक नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले मेची पुलबाट संवाद यात्रा शुरू गरेका छन् । सरकारप्रति सत्ता साझेदार दलका कार्यकर्ता र शुभेच्छुक रुष्ट छन।सरकारको प्रमुख साझेदार दलको महामन्त्रीले पार्टीको अभियान नबनाई जनतामा छाएको निराशा चिर्न र स्थानीयस्तरका गुनासा सुन्नका संवाद यात्राको शुरू गरेका छन ।

शनिबार भद्रपुरस्थित मेची पुल नजिकै आयोजना गरिएको यात्रा शुभारम्भ कार्यक्रमलाई सम्बोधन गर्दै महामन्त्री थापाले नेपाली समाजलाई निराशाबाट बाहिर निकाल्ने प्रयासस्वरुप यात्रा आरम्भ गरेको बताए । यो यात्रा आफ्नो व्यक्तिगत नभएर पार्टीको समुदायसँग जोड्ने अभियान भएको दावी गरे पनि पार्टी सभापतिले शुरुआत गर्नु पर्थ्यो । कांग्रेसप्रति जनताको गुनासो सुन्न र आम समुदायको समस्या बुझ्ने यात्राको उद्देश्य रहेको महामन्त्रीको भनाई छ । सरकारमा बसेर जनतामा निराशा रहेको स्वीकार्न सक्नेले गठबन्धन तोड्ने आँट गर्नुपर्छ ।

निराशामा कसैले व्यापार गर्ने र कसैले फाइदासहित लाभ लिने गरेका छन।राजनीति विचार विहीन हुँदा जनता नेपाली कांग्रेसले समाज परिवर्तनसहित निराशामुक्त बनाउने अपेक्षा छ। कार्यक्रममा कांग्रेसका अर्का महामन्त्री विश्वप्रकाश शर्माले गगन यात्राले जनताको दुःख, दर्द र मर्मलाईत्र बुझ्नुका साथै आफूले गरेका कमीकमजोरी पत्ता लगाउनसमेत मद्दत गर्ने आश्वासन दिएका पनि हुन।पार्टीलाई बलियो बनाउन कांग्रेसलाई बदल्नु आजको आवश्यकता रहेको धेरै कार्यकर्ताको बुझाई छ। समुदायमा कांग्रेस अभियान अन्तर्गतको यात्रा शुभारम्भ कार्यक्रममा पूर्व महामन्त्री कृष्णप्रसाद सिटौलाको समेत उपस्थिति रहनु सत्ताको स्वाद बुझ्नु हो ।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : कार्यमा सफलता | तुला | : मानसिक तनाब |
| वृष | : शुभ यात्रा | वृश्चिक | : शारीरिक झमेला |
| मिथुन | : स्वस्थ्यमा सुधार | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : शत्रुको भय |
| कन्या | : आर्थिक समस्या | मीन | : झमेला बढ्ने |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# बोड्गाखोलामा पुल निर्माण थालियो

**पोखरापत्र संवाददाता**

बागलुङ, १३ माघ

एक वर्षदेखि निर्माण व्यवसायी सम्पर्कविहीन बनेपछि अलपत्र बनेको बोड्गाखोला पुलको काम थालिएको छ ।

बागलुङको तमानखोला गाउँपालिका-१ बोड्गादोभानमा निर्माणाधीन मोटरेबल पुलको काम गत चैतदेखि रोकिएको थियो । पुल निर्माणको जिम्मा पाएको कान्तिपथ कन्ट्रक्सनले अहिले पेटी ठेकेदारलाई काम गर्ने जिम्मा दिएपछि निर्माण सुरु भएको हो । निर्माण कम्पनी समय-समयमा सम्पर्कविहीन हुँदा करोडौंको योजना अलपत्र पर्दै आएको थियो ।

विसं २०७७ पुस १६ गते सडक डिभिजन कार्यालय बागलुङसँग सम्झौता गरी काम सुरु भएको थियो । विसं २०७९ चैत ३० गतेसम्म निर्माण सम्पन्न गरिसक्नुपर्ने भए पनि हालसम्म करिब ५१ प्रतिशत मात्रै काम भएको सडक डिभिजन कार्यालयले जनाएको छ ।

दुई वर्षमा निर्माण गरि सक्नुपर्ने पुल समयावधिसम्म नसकेपछि गत वर्ष चैत ३० गते एक वर्षका लागि म्याद थप गरेको सडक डिभिजन कार्यालयका इन्जिनियर अमर अधिकारीले बताउनुभयो ।

# भानुमा 'नागरिक आवास कार्यक्रम'

**पोखरापत्र संवाददाता**

तनहुँ, १३ माघ

जिल्लाको भानु नगरपालिका कार्यालयले खर तथा फुसका छानालाई विस्थापन गर्न लागेको छ । 'नागरिक आवास कार्यक्रम' अन्तर्गत खरका छाना विस्थापन गरी जस्तापाताले छाउन लागिएको हो ।

नगरपालिकामा रहेका तीन सय ३६ घरधुरीमध्ये दुई सय घरपरिवारले जस्तापाताले छाना छाउनका लागि पहिलो र दोस्रो किस्ता बुझिसकेका नगरपालिका योजना शाखाका कर्मचारी श्रवण श्रेष्ठले जानकारी दिनुभयो । उहाँका अनुसार रु ५० हजारमध्ये पहिलो किस्तामा रु ३० हजार र दोस्रो किस्ताबापत रु २० हजार भुक्तानी गरिएको हो ।

तनहुँ क्षेत्र नं १ प्रतिनिधि सभासदस्य डा स्वर्णिम वाग्लेको पहलमा चालु आर्थिक वर्षमा एक सय लाभग्राही थप गरिएको नगरपालिकाले जनाएको छ । थप भएका आवासका लागि बजेट निकासा गरिदिनका लागि नगरपालिका कार्यालयले आयोजना कार्यान्वयन इकाइ पोखरालाई पत्र पठाइएको नगरप्रमुख आनन्द त्रिपाठीले जानकारी दिनुभयो । खरका छाना मात्रै नभई विपन्न परिवारका जीर्ण जस्तापाता, पानी चुहिने र जस्ता फेर्न सक्ने क्षमता नभएका व्यक्तिलाई समेटिएकाले लाभग्राहीको सङ्ख्या बढेको त्रिपाठीले बताउनुभयो । चालु आवभित्र नगरपालिकालाई खर र फुसको छानामुक्त बनाउने योजनाअनुरुप काम भइरहेको उहाँको भनाइ थियो । नगरपालिकामा चालु आवमा पाँच सय ३६ योजना रहेका नगरप्रमुख त्रिपाठीले जानकारी दिनुभयो ।

उहाँका अनुसार भौतिक पूर्वाधारतर्फ वडागत चार सय ७३, नगरस्तरीय ४९ र यसअघि ठेक्का आह्वान गरिएका १४ योजना गरी उक्त योजना रहेका हुन् । उक्त योजनामध्ये हालसम्म दुई सय ३७ को लागत अनुमान तयार भई ५३ योजना सम्झौता भएका छन् । केही योजनाको कार्य सम्पन्न भई भुक्तानीको चरणमा रहेको नगरपालिका कार्यालयले जनाएको छ ।

# पर्वतमा मौरीको स्रोतकेन्द्र स्थापना

**पोखरापत्र संवाददाता**

पर्वत, १३ माघ

फलेबास नगरपालिका-१० कुर्घामा मौरीको स्रोत केन्द्र स्थापना गरिएको हो । स्थानीय मिनप्रसाद शर्माले विगत १० वर्षदेखि सञ्चालन गर्दै आएको छहरा मौरी फार्मलाई स्रोतकेन्द्रका रूपमा विकास गरिएको हो । पेसाले शिक्षकसमेत रहनुभएका शर्माले विगत १० वर्षदेखि यो व्यवसाय गर्दै आउनुभएको छ ।

उहाँले मौरीको घार विस्तारका लागि शाही घारसमेत बनाउँदै आउनुभएको छ । उहाँले मौरीका नयाँ रानो उत्पादन गर्न थाल्नुभएको छ । मौरीपालनसम्बन्धी विभिन्न तालिम लिएपछि उहाँले शेरेना जातको मौरीको नयाँनयाँ रानो उत्पादन गर्न थाल्नुभएको हो । १० वर्षअघि एउटा मौरीको घारबाट व्यवसाय सुरु गर्नुभएका शर्माको फार्ममा अहिले दुई सय घार पुगेका छन् ।

उहाँले महमात्र नभएर मौरीसहितका घारसमेत बिक्री गर्दै आउनुभएको छ भने कृषकलाई आवश्यक तालिम प्रदान गर्दै आउनुभएको छ । आफ्नै बारीमा दुःख गर्ने हो भने विदेश जानुपर्दो रहेनछ भन्ने उदाहरण आफ्नो पेसाले देखाएको शर्माले बताउनुभयो । मौरीको स्रोतकेन्द्रकैरूपमा विकास भएपछि उहाँलाई कृषि ज्ञानकेन्द्र र कृषि विकास निर्देशनालय गण्डकी प्रदेशलेसमेत अनुदान तथा तालिम दिँदै आएको छ ।

कुर्घा गाउँ दक्षिणतर्फ फर्केको साथै यहाँको हावापानी र मौसम मौरीका लागि उपयुक्त रहेको कृषि विकास निर्देशनालय गण्डकी प्रदेशका प्रमुख वासुदेव रेग्मीले जानकारी दिनुभयो । पैँयु, तोरी, विभिन्न फलफूललगायत मौरीका लागि चरन क्षेत्रसमेत प्रशस्त रहेकाले यहाँ मौरीपालनको सम्भावना उच्च रहेको उहाँको भनाइ छ । रेग्मीले व्यावसायिकरूपमा मौरीपालन गर्न चाहने कृषकलाई निर्देशनालयबाट आवश्यक सहयोग उपलब्ध गराइने जानकारी दिनुभयो ।

कृषक शर्माले वार्षिक १० क्विन्टलभन्दा बढी मह, मौरीको गोलासहित घार र खाली घार बिक्री गर्दै आउनुभएको छ । मौरीका लागि आवश्यक खाद्यपदार्थ अर्थात् चास्नी आफैँ उत्पादन गर्दै आएको उहाँले बताउनुभयो । शर्माले मौरीपालनबाट मात्रै वार्षिक रु २० लाख आम्दानी गर्दै आएको बताउनुभयो । "यो पेसामा हात हालेपछि पर्याप्त कमाइ भएको छ", उहाँले भन्नुभयो, "कसैले विदेश नगइकन मौरीपालन व्यवसाय गर्न चाहन्छ भने म वार्षिक आफूले नै कमाएजति कमाउने उपाय बताइदिने र सहजीकरण गर्ने जिम्मा लिन्छु ।" शिक्षण पेसाबाट बचेको समयलाई सदुपयोग गरेर शर्मा जिल्लाकै नमुना मौरीपालक कृषक बनेको गण्डकी प्रदेशका निर्देशक रेग्मीले बताउनुभयो । यो क्षेत्रमा लगनशील भएर मौरीपालनसँगै फलफूलखेती गर्ने हो भने कोही पनि युवा बेरोजगार हुनुपर्ने वा विदेश जानु नपर्ने रेग्मीको भनाइ छ ।

त्यस्तै अर्का कृषक उमकान्त शर्माले ८० घारमा मौरीपालन गर्दै आउनुभएको छ । उहाँले वार्षिक छ सयदेखि आठ सय किलोसम्म मह उत्पादन हुने गरेको बताउनुभयो । उहाँले गतवर्ष मह र मौरी बिक्री गरेर रु १० लाख आम्दानी गरेको बताउनुभयो । "मौरीपालन व्यवसायले सन्तुष्ट छु", उहाँले भन्नुभयो, "घरपरिवार सबै यही पेसामा रमाएका छौँ ।" गाउँमै स्रोतकेन्द्र स्थापना भएपछि थप सहज हुने उहाँको भनाइ छ ।

फलेबास नगरपालिकाका विभिन्न वडामा गरी वार्षिक २० टन मह उत्पादन हुने कृषि शाखा प्रमुख केदार सापकोटाले बताउनुभयो । नगरपालिका क्षेत्रमा करिब दुई हजार पाँच सय उन्नत घारमा मह उत्पादन हुने गरेको उहाँको भनाइ छ ।

# अन्नपूर्ण समाजमा सम्मान कार्यक्रम

**पोखरापत्र संवाददाता**

पोखरा, १३ माघ



पोखरा महानगरपालिका वडा नं १३ दुईकुलाको मुहान स्थित अन्नपूर्ण मिजार समाजको आयोजनामा सम्मान तथा विविध कार्यक्रम शनिवार सम्पन्न भयो ।

बालकल्याण हाईस्कुलका प्रधानाध्यापक षडानन्द गौतमले कार्यक्रमको उद्घाटन गर्दै समाज परिवर्तनमा शिक्षा सवै भन्दा महत्वपूर्ण हुने चर्चा गर्नु भयो ।

कार्यक्रममा समाजको बृद्धविकासको लागि आर्थिक, भौतिक र तनमनको साथ सक्रिय सहयोग गर्नु हुने समाजका आजिवन सदस्य द्धय बुद्धिवहादुर नेपाली श्रीमती एकमाया नेपाली र बुद्धिवहादुर नेपाली श्रीमती कोशमाया नेपालीलाई सम्मानपत्र र दोसल्ला ओढाएर सम्मान गरियो । अन्नपूर्ण मिजार समाजका अध्यक्ष चेतवहादुर नेपालीको अध्यक्षतामा भएको कार्यक्रममा समाजका पूर्व अध्यक्ष आशविर नेपाली, सम्मानितको तर्फवाट बुद्धिवहादुर नेपाली, पोखरापत्र दैनिकका कार्यकारी सम्पादक शोभाकान्त सिग्देल लगायत वोलेको कार्यक्रममा समाजका उपाध्यक्ष तथा कार्यक्रम संयोजक शंकर नेपालीले स्वागत र सचिव राधा वयालकोटी नेपालीले संचालन गर्नु भएको थियो ।

# रोटरी क्लब अफ पोखरा मिडटाउनद्धारा मादीमा स्वास्थ्य शिविर

**पोखरापत्र संवाददाता**

पोखरा, १३ माघ



कास्कीको मादी गाउँपालिका ४ सिमलचौर तारकाङमा आयोजित निशुल्क स्वास्थ्य शिविरमा २ सय ५३ जनाले स्वास्थ्य लाभ लिएका छन ।

रोटरी क्लब अफ पोखरा मिडटाउन र इनरह्वील क्लब अफ पोखरा मिडटाउनको संयुक्त आयोजनामा सम्पन्न निशुल्क स्वास्थ्य शिविरमा मादी ४ सिमलचौर तारकाङ भेगका २ सय ५३ जनाले स्वास्थ्य लाभ लिएको इनरह्वील क्लब अफ पोखरा मिडटाउनको एडिटर सृजना कार्कीले जानकारी दिइन । कार्कीका अनुसार उक्त शिविरमा मादी गाउँपालिका, रोट्र्याक क्लब, हिमालयन आँखा अस्पताल, र परिवार नियोजनको सहकार्य रहेको थियोभने मेडिकल, सर्जिकल, अर्थो, ओ वि जी, सम्बन्धी सुबिधा समेत प्रदान गरिएको थियो ।

# पञ्चकोटमा एक सय ३५ फिट अग्लो कलश निर्माण हुँदै

**पोखरापत्र संवाददाता**

बागलुङ, १३ माघ

बागलुङ नगरपालिका-६ पञ्चकोटमा विभिन्न धार्मिक संरचनासहित विश्वशान्ति गण्डकी कलशको निर्माणका लागि शिलान्यास गरेको नौ वर्ष पूरा भयो । तत्कालीन प्रधानमन्त्री स्व सुशील कोइरालाले शिलान्यास गर्नुभएको उक्त क्षेत्रमा अहिले गण्डकी माताको मन्दिर, गरुणशिला, हनुमान मूर्ति, सिसमहल, सभाहल, भोजनालय तथा हवनकुण्डलगायत संरचना बनिसकेका छन् । कलशको काम भने पाँच प्रतिशत मात्रै सकिएको छ ।

मुक्तिनाथ पिठाधीश कमलनयनाचार्यको परिकल्पनामा पञ्चकोटमा मठमन्दिर निर्माण भएका हुन् भने एक सय ३५ फिट अग्लो कलश निर्माणाधीन अवस्थामा छ । पञ्चकोट धामका अध्यक्ष दामोदर शास्त्री दाहालले सबै संरचना रु दुई अर्बको योजना रहेको जनाउँदै कलश निर्माणमा मात्रै रु चार करोड लाग्ने बताउनुभयो । कलशको हालसम्म पाँच प्रतिशत मात्रै काम सकिएको उहाँको भनाइ छ । हाल एक तलाको काम सम्पन्न भएको जनाउँदै कलश १२ तले हुने अध्यक्ष दाहालले बताउनुभयो ।

पञ्चकोटमा धार्मिक संरचना निर्माण गर्दा अहिलेसम्म करिब रु ५५ करोड खर्च भएको उहाँको भनाइ छ । यहाँ पाँच हजार पाँच सय ५५ किलोको घन्टीसमेत राख्ने तयारी छ । संरचना निर्माणका लागि हरेक वर्ष महायज्ञ लगाएर रकम सङ्कलन गरिँदै आएको छ भने केही संरचनामा बागलुङ नगरपालिका, गण्डकी प्रदेश सरकार र पर्यटन मन्त्रालयको पनि लगानी रहेको अध्यक्ष दाहालले बताउनुभयो । कलशको बाहिरी स्वरुप कलश जस्तै भए पनि भित्री खण्डमा १६ कोठा बन्ने र ती कोठामा धार्मिक क्रियाकलाप सञ्चालन हुने उहाँ बताउनुहुन्छ । अध्यक्ष दाहालले भन्नुभयो, "नौ वर्षदेखि यहाँ लगातार संरचना निर्माण भइरहेका छन्, करोडौँको संरचना बनिसकेका छन्, अझै धेरै बन्ने चरणमा छन्, अहिले कलश निर्माणलाई जोड दिएका छौँ, कलश निर्माणका लागि आगामी फागुन ९ देखि २३ गतेसम्म बागलुङको पञ्चकोटमा ब्रम्हाण्डीय महायज्ञ गर्ने तयारीमा छौँ, यसका लागि राष्ट्रव्यापी कलश यात्रा सुरु भएको छ, यो महान् अभियानमा जोडिन सबैलाई आग्रह गर्छौं ।"

पञ्चकोट क्षेत्रका संरक्षक ऋषि प्रपन्नाचार्यले यस क्षेत्रलाई धार्मिक पर्यटक गन्तव्यका रूपमा विकास गर्न संरचना निर्माणमा जुटेको बताउनुभयो । विश्वका धार्मिक पर्यटकलाई एकपटक पञ्चकोटको दर्शन गराउने उद्देश्यले करिब एक दशकदेखि निरन्तर काम गरिरहेको उहाँको भनाइ छ । हालसम्म दाता तथा प्रदेश र केन्द्र सरकारको सहयोगमा पञ्चकोटमा विभिन्न संरचना निर्माण भएको प्रपन्नाचार्य बताउनुहुन्छ ।

# पोखराको करबृद्धिमा राप्रपा नेपालको आपत्ति

**पोखरापत्र संवाददाता**

पोखरा, १३ माघ

राप्रपा नेपाल कास्कीले पोखरा महानगरपालिकाले २ सय प्रतिशतसम्म बृद्धि गरेको राजश्वको घोर विरोध गरेको छ ।

पोखरा महानगरपालिकाले २०८०/०८१ का लागि अनायास बढाएको राजश्व (घरजग्गा कर) कस्केली जनताको मर्म र भावना अनुकुल नभएको र विकास निर्माणमा समेत गुणस्तरहिन काम भएकोले उक्त कर बृद्धिको घोर भर्त्सना गरेको छ । राप्रपा नेपाल जिल्ला कार्य समिति कास्कीले शुक्रबार पोखरा महानगरपालिकाका मेयर धनराज आचार्यलाई ज्ञापन पत्र बुझाउँदै देशमा चरम आर्थिकक मन्दी भएको र जनतालई हाम्रो सरकार छ भन्ने अनुभूति समेत नभइरेको अवस्थामा सोझा साझा विपन्न जनताहरुलाई २०० प्रतिशतभन्दा बढी राजश्व बृद्धि गरी जनताको ढाड सेक्ने परिपाटीको अन्त्य गरी चुल्हदो भ्रष्टाचार मुक्त राज्य र साविककै राजश्व कायम गराउनका माग गरिएको छ । राप्रपा नेपाल कास्कीका सचिव पं.गणेश अधिकारी र अध्यक्ष डा.दिपक सुवेदीद्वारा हस्ताक्षरित ज्ञापनपत्र मार्फत हाम्रो मागलाई वेवास्ता गरी बढाइएको कर तुरुन्त फिर्ता नगरिएमा राप्रपा नेपाल कास्की जस्तोसुकै थप दवावमूलक कार्यक्रम सहित शसक्त आन्दोलनमा जाान समेत तयार रहेको समेत ध्यानाकर्षण गराएको छ ।

उक्त अवसरमा पार्टीका नेता तथा कार्यकर्ताहरुको उल्लेख्य उपस्थिति रहेको थियो ।

